"Green Sharada, Clean Sharada"

# आ. व. २०८३/०८४ का लागि नगर सभाको
# १९ औं अधिवेशनमा प्रस्तुत

# नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता :- प्रमुख श्री प्रकाश भण्डारी

२०८३ आषाढ ०९ गते

**आदरणीय सम्मानित नगर सभाका सदस्यज्यूहरु ,**
**यहाँ उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरु !!**

सर्वप्रथम शारदा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने यस गरिमामय नगरसभाको १९ औँ अधिवेशनमा नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका विभिन्न संघर्ष तथा राष्ट्र निर्माणको अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राजनीतिक आन्दोलन तथा विभिन्न घटनाक्रममा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली क्रमशः संस्थागत हुँदै गएको छ। संविधान प्रदत्त मौलिक हक, समावेशी लोकतन्त्र, सामाजिक न्याय तथा दिगो विकासका लक्ष्यहरूलाई व्यवहारमा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी तीनै तहका सरकारमा रहेको छ। स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले जनअपेक्षा र आवश्यकतालाई सम्बोधन गर्दै गुणस्तरीय सेवा प्रवाह तथा विकास निर्माणलाई प्रभावकारी बनाउनु हाम्रो प्रमुख दायित्व हो।

राजनीतिक उपलब्धिहरूलाई आर्थिक तथा सामाजिक समृद्धिमा रूपान्तरण गर्ने वर्तमान आवश्यकता रहेको छ। त्यसैले हाम्रो लक्ष्य सुशासन, पारदर्शिता, जवाफदेहिता, आर्थिक समृद्धि, रोजगारी सिर्जना, सामाजिक न्याय, समावेशी विकास तथा दिगो पूर्वाधार निर्माणमार्फत समृद्ध शारदा नगरपालिका निर्माण गर्नु रहेको छ।

भौगोलिक दृष्टिले विविधता तथा चुनौती बोकेको भए तापनि शारदा नगरपालिका जिल्लाको सदरमुकामका रूपमा स्थापित महत्वपूर्ण स्थानीय तह हो। यहाँ विभिन्न जातजाति, भाषा, धर्म तथा संस्कृतिको सुन्दर सहअस्तित्व रहेको छ। क्षेत्री, बाहुन, ठकुरी, जनजाति, दलित, दशनामी लगायतका समुदायहरूको उल्लेखनीय बसोबास रहेको यस नगरपालिकामा विविध सांस्कृतिक पहिचान, भेषभूषा, परम्परा, कला तथा ऐतिहासिक सम्पदाहरू विद्यमान छन्। यी सम्पदाहरू हाम्रो साझा गौरव र नगरपालिकाको अमूल्य सम्पत्ति हुन्। यिनको संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरूको महत्वपूर्ण दायित्व हो।

"Green Sharada, Clean Sharada"

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हक, नागरिक अधिकार तथा राज्यबाट प्रदान गरिने सेवा-सुविधाहरू प्रत्येक नगरवासीसम्म समान र सहज रूपमा पुऱ्याउनु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो। संविधानको मर्म, कानुनी व्यवस्था तथा सुशासनका सिद्धान्तअनुसार नागरिकका जायज अपेक्षा र आवश्यकताहरूलाई तथ्य, तर्क र कानुनका आधारमा सम्बोधन गर्ने परिपाटीलाई थप सुदृढ बनाइनेछ। जनप्रतिनिधि र स्थानीय सरकारप्रति नागरिकको विश्वास कायम राख्न विकास र सेवा प्रवाहका कार्यहरू लोकप्रियताभन्दा आवश्यकता, औचित्य, प्रभावकारिता र जनहितका आधारमा सञ्चालन गरिनु आवश्यक छ। पारदर्शिता, जवाफदेहिता, सहभागिता र परिणाममुखी कार्यशैलीमार्फत नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सकेमा मात्र स्थानीय सरकारको गरिमा र विश्वसनीयता थप उचो हुने विश्वास मैले लिएको छु।

सूचना प्रविधिको तीव्र विकास भइरहेको वर्तमान समयमा नगरपालिकाको सेवा प्रवाहलाई थप प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाइनेछ। तथ्यांकमा आधारित योजना निर्माण, डिजिटल अभिलेखीकरण, अनलाइन सेवा विस्तार तथा स्मार्ट नगर व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

गत आर्थिक वर्षमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक सुरक्षा, खानेपानी, सरसफाइ, सडक विस्तार तथा सेवा प्रवाह सुधारका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएका छन्। किसानमैत्री कार्यक्रम, विद्यालय सुधार, स्वास्थ्य सेवाको पहुँच विस्तार, सामाजिक सुरक्षा वितरणको सहज व्यवस्था, विद्युतीकरण, फोहोर व्यवस्थापन तथा विभिन्न पूर्वाधार निर्माणका कार्यहरूलाई आगामी वर्षमा अझ प्रभावकारी ढंगले निरन्तरता दिइनेछ।

आर्थिक वर्ष २०८३/०८४ मा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, युवा स्वरोजगार प्रवर्द्धन, पर्यटन विकास, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, वातावरण संरक्षण, विपद् व्यवस्थापन, महिला तथा बालबालिका सशक्तीकरण, ज्येष्ठ नागरिक सम्मान, सामाजिक समावेशीकरण तथा सुशासन प्रवर्द्धनलाई विशेष प्राथमिकता प्रदान गरिनेछ।

नगरपालिकाको आन्तरिक आय वृद्धि, सार्वजनिक स्रोत साधनको प्रभावकारी परिचालन तथा निजी क्षेत्र र सहकारी क्षेत्रसँगको सहकार्यलाई थप सुदृढ बनाउँदै समृद्ध, सुरक्षित, सुशासित र आत्मनिर्भर शारदा नगर निर्माणको अभियानलाई अगाडि बढाइनेछ।

यसै उद्देश्यलाई आत्मसात् गर्दै शारदा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण नगरवासी, राजनीतिक दल, कर्मचारी, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज तथा विकास साझेदारहरूबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

नगरपालिकाको समग्र विकास, समृद्धि तथा सुशासन प्रवर्द्धनका लागि विभिन्न सम्भावना र अवसरहरू विद्यमान रहेका छन्। उपलब्ध प्राकृतिक, भौतिक, आर्थिक तथा सामाजिक स्रोत साधनको उचित परिचालन गर्न सकिएमा नगरपालिकालाई समृद्ध र आत्मनिर्भर स्थानीय तहका रूपमा स्थापित गर्न सकिने आधारहरू पर्याप्त रहेका छन्।

**प्रमुख अवसरहरू निम्नानुसार रहेका छन् :**

१. उर्वर कृषि भूमिमा सिँचाइको विस्तार गरी खाद्यान्न, तरकारी, फलफूल तथा नगदेबालीको उत्पादन वृद्धि र व्यवसायिक कृषि विकास गर्न सकिने।

२. पशुपालन, कुखुरापालन, बाख्रापालन, मौरीपालन तथा मत्स्यपालन जस्ता व्यवसायबाट रोजगारी र आयआर्जन वृद्धि गर्न सकिने।

३. जैविक खेती, बेमौसमी खेती तथा उच्च मूल्यका कृषि उपज उत्पादनमार्फत कृषिलाई प्रतिस्पर्धी र बजारमुखी बनाउन सकिने।

४. राप्ती राजमार्ग तथा मदन भण्डारी राजमार्गको पहुँचबाट स्थानीय उत्पादनको सहज बजारीकरण गर्न सकिने।

५. जर्खु, शारदा तथा खलंगा शीतलपाटी खानेपानी आयोजनामार्फत नागरिकको घरदैलोमा सुरक्षित खानेपानी सेवा विस्तार गर्न सकिने।

६. खैरावाङ्ग भगवती लगायत धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रचार प्रसारमार्फत धार्मिक तथा आन्तरिक पर्यटन विकास गर्न सकिने।

७. प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता तथा स्थानीय पहिचानको उपयोग गरी पर्यापर्यटन, सांस्कृतिक पर्यटन तथा साहसिक पर्यटनको विकास गर्न सकिने।

८. जल, जंगल, जडीबुटी, नदीजन्य पदार्थ तथा खनिज स्रोतको दिगो उपयोग गरी आर्थिक विकासलाई गति दिन सकिने।

९. स्थानीय श्रम, सीप र स्रोत साधनलाई उत्पादनसँग जोड्दै स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सकिने।

१०. युवाशक्तिलाई सीप, प्रविधि र उद्यमशीलतासँग जोडेर आर्थिक रूपान्तरणमा सहभागी गराउन सकिने।

११. संघीय शासन प्रणाली अन्तर्गत स्थानीय तहमा प्राप्त अधिकार, जिम्मेवारी तथा स्रोतको प्रभावकारी उपयोग गरी समृद्धि हासिल गर्न सकिने।

१२. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सकिने।

१३. आधारभूत स्वास्थ्य सेवासँगै विशेषज्ञ स्वास्थ्य सेवा तथा घुम्ती स्वास्थ्य सेवा विस्तार गरी नागरिकको स्वास्थ्य पहुँच वृद्धि गर्न सकिने।

१४. पूर्ण खोप सुनिश्चितता तथा जनस्वास्थ्य कार्यक्रमको दिगोपना कायम गर्न सकिने।

१५. महिला समूह, किशोरी समूह, सहकारी संस्था तथा सामुदायिक संस्थामार्फत सामाजिक तथा आर्थिक सशक्तीकरणलाई थप मजबुत बनाउन सकिने।

१६. न्यायिक समिति तथा मेलमिलाप केन्द्रमार्फत स्थानीय स्तरमा न्यायमा सहज पहुँच सुनिश्चित गर्न सकिने।

१७. शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा पूर्वाधार क्षेत्रमा नगरपालिकाको लगानीलाई थप परिणाममुखी बनाउन सकिने।

१८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समतामूलक समाज निर्माण गर्न सकिने।

१९. आवधिक योजना, भू उपयोग योजना तथा यातायात गुरुयोजनाको प्रभावकारी कार्यान्वयनबाट व्यवस्थित विकास सुनिश्चित गर्न सकिने।

२०. सुन्दर, समृद्ध, सुरक्षित र सुशासित नगरपालिका निर्माणका लागि सामूहिक प्रतिबद्धता र सहकार्यको वातावरण रहेको।

२१. राष्ट्रिय प्रसारण लाइनको विस्तारसँगै सबै वडा तथा बस्तीमा विद्युत पहुँच विस्तार हुँदै गएको।

२२. वन, नदी तथा जैविक विविधताले सम्पन्न क्षेत्र भएकाले वातावरणीय सन्तुलन र हरित विकासको सम्भावना रहेको।

२३. सार्वजनिक खुला क्षेत्र तथा पार्क निर्माणका लागि आवश्यक सार्वजनिक जग्गाको उपलब्धता रहेको।

२४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संस्थागत संरचना र स्रोतको व्यवस्था गरिएको।

२५. खुला दिसामुक्त अवस्थालाई दिगो बनाउँदै सरसफाइ अभियानलाई थप प्रभावकारी बनाउन सकिने।

२६. आवश्यक स्थानीय कानुन निर्माण भई कार्यान्वयनमा रहेकाले सुशासन प्रवर्द्धनमा सहयोग पुगेको।

२७. सूचना तथा प्रविधिमा आधारित विद्युतीय शासन प्रणालीको विस्तार हुँदै गएको।

२८. आधुनिक बसपार्क तथा शहरी पूर्वाधार विकासबाट राजस्व अभिवृद्धिको अवसर रहेको।

२९. विकास निर्माणमा नागरिक सहभागिता तथा सामाजिक उत्तरदायित्वको अभ्यास बढ्दै गएको।

३०. संस्थागत क्षमता अभिवृद्धि तथा सेवा प्रवाह सुधारमार्फत नागरिक सन्तुष्टि वृद्धि गर्ने आधार तयार भएको।

**चुनौतीहरू**

उपरोक्त अवसरहरूलाई परिणाममा रूपान्तरण गर्न निम्न चुनौतीहरूको प्रभावकारी व्यवस्थापन आवश्यक रहेको छ :

१. सीमित स्रोत साधन र बजेटका बीच बढ्दो जनअपेक्षा तथा सेवा आवश्यकतालाई प्रभावकारी रूपमा सम्बोधन गर्नु।

२. कृषि तथा पशुपालन क्षेत्रलाई आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण र दिगोपनातर्फ रूपान्तरण गर्नु तथा कृषि विषादीको सुरक्षित प्रयोग सुनिश्चित गर्नु।

३. बेरोजगारी न्यूनीकरण, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गरी वैदेशिक रोजगारतर्फको पलायन नियन्त्रण गर्नु।

४. स्थानीय स्रोत, साधन, सीप तथा सम्भावनाको पहिचान, संरक्षण र प्रभावकारी परिचालन गर्नु।

५. वन्यजन्तुबाट हुने मानव तथा कृषि क्षेत्रको क्षति न्यूनीकरण गरी मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नु।

६. विद्यालय शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा सुरक्षित शैक्षिक वातावरण अभिवृद्धि गर्नु।

७. शिक्षा तथा स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो, प्रविधिमैत्री र सबै नागरिकको पहुँचमा पुऱ्याउनु।

८. स्वास्थ्य संस्थाहरूमा आवश्यक पूर्वाधार, उपकरण तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु।

९. घरेलु हिंसा, लैङ्गिक हिंसा, छुवाछुत, अन्धविश्वास, कुरीति तथा सामाजिक विभेदमुक्त समाज निर्माण गर्नु।

१०. बालमैत्री, अपाङ्गमैत्री तथा ज्येष्ठ नागरिकमैत्री पूर्वाधार र सेवाको विकास तथा विस्तार गर्नु।

११. हिंसापीडित, असहाय तथा जोखिममा रहेका व्यक्तिहरूका लागि संरक्षण, पुनःस्थापना तथा पुनर्स्थापना सेवाहरू सुदृढ गर्नु।

१२. सुरक्षित खानेपानी, सरसफाइ, स्वच्छ वातावरण तथा जनस्वास्थ्य प्रवर्द्धन सुनिश्चित गर्नु।

१३. ठोस तथा प्लास्टिकजन्य फोहोर व्यवस्थापनको दिगो समाधान कार्यान्वयन गरी वातावरणीय संरक्षण गर्नु।

१४. पूर्वाधार निर्माणमा राष्ट्रिय मापदण्ड, गुणस्तर तथा दिगोपना कायम गर्नु।

१५. वडा क्षेत्रका सबै बस्तीहरूलाई बाह्रै महिना सहज आवागमन हुने सडक सञ्जालसँग जोड्दै आर्थिक तथा सामाजिक गतिविधि प्रवर्द्धन गर्नु।

१६. सार्वजनिक यातायात, पार्किङ तथा यातायात व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु।

१७. विद्युत सेवा तथा अन्य आधारभूत सेवाको गुणस्तर र पहुँचमा सुधार ल्याउनु।

१८. आधुनिक प्रविधिमैत्री, दक्ष तथा प्रतिस्पर्धी जनशक्ति विकास गर्दै डिजिटल सुशासन प्रवर्द्धन गर्नु।

१९. अव्यवस्थित बसोबास, जग्गा खण्डीकरण तथा कृषि भूमिको गैरकृषि उपयोग नियन्त्रण गर्दै योजनाबद्ध बस्ती विकास सुनिश्चित गर्नु।

२०. सार्वजनिक, सरकारी तथा वन क्षेत्रको संरक्षण गर्दै अतिक्रमण, वन विनाश र डढेलो नियन्त्रण गर्नु।

२१. वडा कार्यालय तथा नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई छिटो, गुणस्तरीय, पारदर्शी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउँदै सेवामा नागरिकको सहज पहुँच, सन्तुष्टि र विश्वास अभिवृद्धि गर्नु।"

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको मर्म, संघीय शासन प्रणालीको भावना, राष्ट्रिय तथा प्रदेशस्तरीय विकास नीति, स्थानीय आवश्यकताहरू, नागरिकका अपेक्षा तथा दिगो विकासका लक्ष्यहरूलाई मार्गदर्शक आधारका रूपमा लिइएको छ। यस क्रममा देहायका कानुनी, नीतिगत तथा योजनागत दस्तावेजहरूलाई विशेष आधार बनाइएको व्यहोरा सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु।

क. नेपालको संविधान, (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू)

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम तथा चालु आर्थिक वर्षको बजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा चालु आर्थिक वर्षको बजेट

ज. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. नगरपालिकाबाट निर्माण भई कार्यान्वयनमा रहेका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

ञ. नेपाल सरकारको सोह्रौँ योजनाका लक्ष्यहरू

ट. दिगो विकास लक्ष्य (एस.डी.जी.) २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ का प्रतिवेदनहरू

ड. शारदा नगरपालिकाको आवधिक योजना (२०७९–२०८४)

ढ. नगरपालिकाको मध्यमकालीन खर्च संरचना

ण. नगरपालिकाको भू उपयोग योजना, २०७९

त. शारदा नगरपालिका कार्यपालिकाका विषयगत समितिहरूबाट प्राप्त सुझाव तथा निर्णयहरू

थ. नगर कार्यपालिका तथा नगरसभाबाट भएका निर्णयहरू

द. नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाका क्रममा आयोजित छलफल, अन्तरक्रिया तथा परामर्श कार्यक्रमहरूबाट प्राप्त सुझावहरू

ध. शारदा नगरपालिकाले आवश्यक ठानेका अन्य सान्दर्भिक विषयहरू

उपरोक्त आधारहरूलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्षका योजना तथा बजेट कार्यक्रम छनोटका लागि निम्न प्राथमिकता क्षेत्रहरू निर्धारण गरिएको छ। साथै वडा तहबाट योजना तर्जुमा तथा प्राथमिकीकरण गर्दा समेत देहायबमोजिमका प्राथमिकताका आधारमा योजना प्रस्ताव गर्न निर्देशन गरिएको थियो।

क. आर्थिक विकास तथा गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना तथा कार्यक्रम

ख. उत्पादनमूलक, रोजगारी सिर्जना गर्ने तथा छिटो प्रतिफल प्राप्त हुने योजना

ग. राजस्व परिचालन तथा आन्तरिक आय अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने योजना

घ. सेवा प्रवाह, संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने योजना

ङ. स्थानीय स्रोत, साधन, सीप तथा प्रविधिमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्याय प्रवर्द्धन गर्ने योजना

छ. दिगो विकास, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना

ज. स्थानीय संस्कृति, कला, भाषा, सम्पदा तथा पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने योजना

झ. लक्षित वर्गको जीविकोपार्जन, सशक्तीकरण तथा आयआर्जन अभिवृद्धिमा सहयोग पुऱ्याउने योजना।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

उल्लेखित आधार, अवसर, चुनौती तथा प्राथमिकताहरूलाई आत्मसात् गर्दै अब म शारदा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु।

**आर्थिक विकास**

१. कृषकहरूलाई प्रदान गरिने सेवा सुविधालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन कृषकहरूको विवरण विद्युतीय प्रणालीमा अभिलेखीकरण गरी तथ्यमा आधारित योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२. कृषकहरूको माग र आवश्यकताअनुसार रासायनिक मल समयमै उपलब्ध गराउन साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड तथा सम्बन्धित निकायहरूसँग समन्वय, सहकार्य र अनुगमनलाई निरन्तरता दिइनेछ।

३. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरण प्रवर्द्धन गर्न कृषकहरूको आवश्यकता र प्राथमिकताका आधारमा कृषि यन्त्र, उपकरण तथा अन्य कृषि सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा कृषि क्षेत्रको उत्थानशीलता अभिवृद्धिका लागि जलवायु अनुकूल कृषि प्रविधिसम्बन्धी तालिम, सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई व्यावसायिक कृषि प्रणालीतर्फ आकर्षित गरिनेछ।

५. कृषकहरुलाई कृषि व्यवसायमा आकर्षित गर्दै कृषि उत्पादन, आयआर्जन र व्यावसायिक कृषि विकासमा टेवा पुऱ्याउन उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. **"माटो जचाऔं, बाली बचाऔं"** भन्ने मुल नाराका साथ माटोको अवस्था पहिचान गरी बाली अनुसार आवश्यक पोषकतत्व र मलखादको सिफारिस गर्दै उर्वराशक्ति बढाउन माटोको नमूना परिक्षण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। माटोको अवस्था अनुसार स्वास्थ्य सुधारका लागि आवश्यक पर्ने कृषि सामग्रिहरु कृषकहरुलाई अनुदानमा उपलब्ध गराउने जस्ता कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ।

७. रासायनिक विषादीको जथाभावि प्रयोगलाई न्यूनीकरण गरी मानव स्वास्थ्य र वातावरणको संरक्षण गर्दै सुरक्षित तथा गुणस्तरीय कृषि उपज उत्पादनलाई प्रवर्द्धन गरिनेछ।

८. कृषक समूहका सदस्यहरुको क्षमता अभिवृद्धि, आधुनिक कृषि प्रविधिको प्रसार तथा उत्पादन वृद्धि गर्न कृषक समूहमार्फत तालिम र आवश्यक साना कृषि सामग्रिहरु उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. यस पालिका अन्तर्गत उत्पादन हुने अदुवा, बेसार तथा रैथाने बालीको बजार सुनिश्चितताको लागि खाद्य विभागसंग आवश्यक पहल गरिनेछ।

१०. कृषकहरुलाई खेतबारीमै सहभागि गराई पोषणयुक्त बाली उत्पादन, सन्तुलित आहार र पोषण व्यवहार सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्न कृषक पोषण पाठशाला कार्यक्रमलाई विभिन्न संघ संस्थाहरुको साझेदारीमा निरन्तरता दिइनेछ।

११. कृषि तथा पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषकलाई सहज, गुणस्तरीय र समयमै प्राविधिक सेवा उपलब्ध गराउने उद्देश्यले वडा वडामा कृषि तथा पशु प्राविधिक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्राविधिकमार्फत स्थलगत परामर्श, रोग तथा कीरा व्यवस्थापन, क्षमता अभिवृद्धि तथा आधुनिक प्रविधि हस्तान्तरण गरिनेछ। यस कार्यक्रमबाट व्यवसायिक कृषि विकास, आयआर्जन वृद्धि तथा खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याइनेछ।

१२. कृषकलाई तत्काल प्राविधिक सेवा उपलब्ध गराउन आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गरिनेछ। रोग तथा कीरा प्रकोप देखिने बित्तिकै प्राविधिक टोली परिचालन गरी नियन्त्रण तथा व्यवस्थापन गरिनेछ। साथै विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१३. विगतका वर्षहरूझैँ आगामी आ.व. मा पनि धान, गहुँ तथा मकैको उन्नत बीउ कृषकहरूलाई अनुदानमा समयमै उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनेछ। उन्नत बीउको प्रयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले लक्षित कृषक समूह तथा सहकारीमार्फत वितरण गरिनेछ। कृषकको माग र कृषि प्राविधिकको सिफारिसका आधारमा गुणस्तरीय बीउको समयमै आपूर्ति सुनिश्चित गरिनेछ।

१४. कृषि उपजको उत्पादन देखि बजारसम्मको मूल्य श्रृङ्खला सुदृढ गर्दै कृषकहरुलाई उचित मूल्य सुनिश्चित गर्न सरोकारवाला निकायहरु बिच समन्वय, अन्तरक्रिया तथा सहकार्य गरिनेछ।

१५. सुन्तला तथा ओखर बालीको उच्च सम्भावना रहेको क्षेत्र पहिचान गरी उत्पादन क्षेत्र विस्तार, सिँचाइ पूर्वाधार विकास, आवश्यक कृषि औजार तथा उपकरणमा अनुदान उपलब्ध गराई व्यावसायिक फलफूल खेती प्रवर्द्धन गरिनेछ। पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना लगायत सम्बन्धित निकायसँग समन्वय गरी कृषकको क्षमता विकास, उत्पादन वृद्धि र बजारीकरणमा सहजीकरण गरिनेछ।

१६. शारदा नगरपालिकाका कृषकहरूको आर्थिक सशक्तीकरणका लागि पशुपालन व्यवसायलाई व्यावसायिक तथा आयआर्जनमुखी बनाउन विशेष प्रोत्साहन गरिनेछ।

१७. किसानको घरदैलोमै गुणस्तरीय पशु सेवा उपलब्ध गराउन वडा तहमा कार्यरत पशु सेवा प्राविधिकहरूको दक्षता अभिवृद्धिका लागि विभिन्न क्षमता विकास तालिमहरू सञ्चालन गरिनेछन्।

१८. पशुपालनका सम्भावना भएका क्षेत्रहरूलाई पकेट क्षेत्रको रूपमा विकास गरी पशुपन्छी स्रोत केन्द्र स्थापना तथा विस्तारमार्फत पशुजन्य उत्पादन वृद्धि गरिनेछ।

१९. पशु आहार व्यवस्थापनमा सुधार ल्याई उत्पादन लागत न्यूनीकरण गर्न स्थानीय स्तरमा उपलब्ध उप उत्पादनहरूको प्रयोगबाट दाना उत्पादन तथा उन्नत घाँस खेतीलाई प्रवर्द्धन गरिनेछ।

२०. विश्व स्वास्थ्य संगठन (WHO) को सन् २०३० सम्म रेविज रोग उन्मूलन गर्ने लक्ष्यलाई सहयोग पुऱ्याउन वर्षभरि रेविज विरुद्धको खोप सेवा उपलब्ध गराइनेछ।

२१. पशुपन्छीको नश्ल सुधार तथा उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२२. व्यावसायिक पशुपालक कृषकहरूको ज्ञान तथा सीप अभिवृद्धिका लागि स्थलमै आधारित व्यावहारिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

२३. **One Health** अवधारणाअन्तर्गत एन्टिमाइक्रोबियल प्रतिरोध (Antimicrobial Resistance) सम्बन्धी जनचेतनामूलक कार्यक्रम कृषक स्तरसम्म सञ्चालन गरिनेछ।

२४. सामुदायिक कुकुरहरूको व्यवस्थापनका लागि बन्ध्याकरण कार्यक्रम तथा रेविज विरुद्धको खोप सेवा नियमित रूपमा सञ्चालन गरिनेछ।

२५. पशुपन्छीमा महामारीका रूपमा फैलिन सक्ने संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक खोप कार्यक्रम सञ्चालन गरिनेछ।

२६. बाझोपन समस्या न्यूनीकरण तथा पशु स्वास्थ्य सेवाको पहुँच न्यून भएका क्षेत्रमा पशु स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रवाह गरिनेछ।

२७. छाडा चौपायाको व्यवस्थापनका लागि गौशाला सञ्चालन तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ। साथै, गाई–गोरु छाडा छोड्ने व्यक्तिहरूलाई प्रचलित कानुन बमोजिम कारबाही तथा जरिवाना गरिनेछ।

२८. पशु स्वास्थ्य उपकेन्द्रबाट टाढा रहेका किसानहरूलाई सहज रूपमा सेवा उपलब्ध गराउन वडा स्तरमा घुम्ती पशु स्वास्थ्य क्लिनिक सञ्चालन गरी पशु स्वास्थ्य सेवा प्रदान गरिनेछ

२९. सहकारी संस्थाहरूलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी रूपमा सञ्चालन गर्न नियमित अनुगमन तथा निरीक्षण कार्यलाई सुदृढ गरिनेछ। साथै सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तअनुरूप सञ्चालन सुनिश्चित गर्न आवश्यक सहजीकरण तथा नियमन कार्यलाई निरन्तरता दिइनेछ।

३०. भकारो सुधारका कार्यक्रमहरु संचालन गर्ने

**सामाजिक विकास तर्फ**

३१. संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय, सहकार्य तथा समुदायको सक्रिय सहभागितामार्फत स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय, पहुँचयोग्य तथा नागरिकमैत्री बनाउँदै स्वस्थ शारदा नगरपालिका निर्माण गरिनेछ।"

३२. विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच बाट टाढा रहेका दुर्गम तथा पिछडिएका समुदायसम्म गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन नियमित रूपमा विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ ।

३३. नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार सुदृढीकरण, आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरुमा निःशुल्क औषधिको नियमित उपलब्धता सुनिश्चित गरिनेछ ।

३४. ७० वर्ष उमेर पुरा गरेका ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूलाई घरमै पुगेर निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. “रोग लागेपछि उपचारभन्दा रोग लाग्न नदिनु उत्तम” भन्ने अवधारणालाई व्यवहारमा उतार्दै नगर तथा वडा स्तरमा योग, ध्यान तथा स्वस्थ जीवनशैली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. आयूर्वेद सेवा कार्यक्रम अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र स्थापना र अभियान संचालन साथै बिद्यालयहरुमा आयूर्वेद तथा योग शिक्षा संचालन गरिने छ ।

३७. पोषणमैत्री स्थानीय शासन तथा पोषणमैत्री स्वास्थ्य संस्था घोषणा अभियानलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न सबै बिषयगत क्षेत्र संगको समन्वय र सहकार्यमा पोषण तथा खाद्य सुरक्षा कार्यक्रम संचालन गरिने छ ।

३८. गर्भवती महिला,सुत्केरी आमा,किशोरी तथा २ वर्ष मुनिका वालवालिकाहरुको पोषण सुधारका लागि उपमेयर कोसेली लगाएत बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण लक्षित तथा पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उपलब्ध गराइँदै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ ।

४०. विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन बिद्यालय नर्सहरुको कार्यको आवधिक रुपमा समिक्षा गरिने छ ।

४१. उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायतका नसर्ने रोगहरूको समयमै पहिचान तथा व्यवस्थापनका लागि फाल्गुन महिनालाई “नसर्ने रोग स्क्रिनिङ महिना” का रूपमा मनाई विशेष अभियान सञ्चालन गरि नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु वाट प्रदान गर्दे आएको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन प्रणालीलाई सुदृढ बनाइनेछ ।

४३. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको विस्तार गरी प्रवर्द्धनात्मक साथै उपचारात्मक सेवाहरूलाई निरन्तरता दिइनेछ ।

४४. आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. प्रजनन स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिँदै मातृ तथा नवशिशु स्वास्थ्यलाई उच्च प्राथमिकता दिइनेछ । गर्भवती महिलाको सेवामा पहुँच विस्तार गर्न घुम्ती ग्रामीण अल्ट्रासाउण्ड सेवा ( ROUSG ) सञ्चालन गरिनेछ । साथै पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खसेको समस्याको प्रारम्भिक परीक्षण, उपचार तथा व्यवस्थापन कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ ।

४६. बर्थिङ्ग सेन्टरहरुमा २४ सै घन्टा प्रसुती सेवा संचालन गर्न थप जनशक्तिको व्यवस्था गरिने छ ।

४७. ज्येष्ठ नागरिक, सुरक्षित मातृत्व तथा आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न एम्बुलेन्स सेवाको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

४८. “क्षयरोग मुक्त नेपाल अभियान” अन्तर्गत शारदा नगरपालिकालाई क्षयरोग मुक्त पालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. महामारी नियन्त्रण, रोग प्रकोप व्यवस्थापन तथा विपद् पूर्वतयारीका लागि आवश्यक स्रोत, साधन र कार्ययोजना तयारी अवस्थामा राखिनेछ ।

५०. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउँदै नीति निर्माण, योजना तर्जुमा तथा निर्णय प्रक्रियामा प्रभावकारी रूपमा उपयोग गरिनेछ ।

५१. आइपास नेपाल (Ipas Nepal) को सहकार्यमा स्वास्थ्य चौकी खलंगा, मार्के, हिवल्चा र कजेरीमा सञ्चालित सुरक्षित गर्भपतन सेवाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरिनेछ ।

५२. किशोर–किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५३. दीर्घरोग भएका नागरिकहरूलाई उपलब्ध गराइँदै आएको मासिक रु. ५,००० उपचार खर्च रकम त्रैमासिक रूपमा सहज बितरणको व्यवस्था गरिनेछ ।

५४. स्वास्थ्य क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरूसँग समन्वय, सहकार्य तथा साझेदारीमा स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

५५. स्वास्थ्य चौकी खलंगा तथा डाँडागाउँको भवन निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

५६. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत वालवालिकाहरुले १५ महिनाको उमेर भित्र पाउनु पर्ने सबै खोप प्रदान गरि शारदा नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिकाको रूपमा

कायम राख्न १६ देखि ५९ महिना उमेर सम्मका बालबालिकाको नियमित पहिचान, अभिलेखीकरण तथा विश्लेषण गरिनेछ।

५७. शारदा नगरपालिकाको शिक्षा विकासका लागि निर्माण गरिएको १० वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याइने छ।

५८. नगर भित्रका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक, बजारमुखी र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने लक्ष्यका साथ शिक्षा क्षेत्रलाई अगाडी बढाइने छ ।

५९. नगरपालिका भित्रका बालविकास कक्षाका बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक र संवेगात्मक लगायत सर्वाङ्गीण पक्षको विकासको लागि बालविकास शिक्षकहरुको क्षमता विकासको लागि तालिम प्रदान गरी ELDS Report card लागु गरिनेछ।

६०. नगरपालिकामा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी (लेखापाल), विद्यालय सहयोगी कर्मचारीहरुको लागि प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

६१. विद्यार्थीको नियमितता, अनुशासन र सिकाइको अवस्थाको बारेमा अभिभावकको जानकारीको लागि प्रयोग गरिदै आएको धन्यबाद पत्रलाई निरन्तरता दिईनेछ।

६२. प्रारम्भिक उमेरका बालबालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नु पर्ने भूमिकाबारे अभिभावकको क्षमता विकास तथा सचेतना अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

६३. नगरपालिकाभित्रका उत्कृष्ट विद्यालय प्रधानाध्यापक,विद्यार्थी, शिक्षक, कर्मचारी, वि व्य स अध्यक्ष र अभिभावक सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६४. सबैं वालवालिकाहरुका लागि अनिवार्य तथा निशुल्क शिक्षामा समतामूलक, सान्दर्भिक तथा गुणस्तर तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित तथा सहभागिता वृद्धि गरी शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाइने छ।

६५. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य गरिनुको साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाइने छ साथै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक निर्माणमा जोड दिइने छ। बालमैत्री विद्यालयका

लागि कक्षा कोठा निर्माण, जिर्ण कक्षाकोठा पुर्ननिर्माण सरसफाइ युक्त शौचालय र धारा पुनर्निमाणमा जोड दिइने छ।

६६. शैक्षिक सुशासन कायम गर्न र शिक्षकको पेशागत विकासका लागि जनप्रतिनिधी, नगर शिक्षा समितिका पदाधिकारी, वडा शिक्षा समितिका पदाधिकारी र विषय विज्ञ सहितको सघन विद्यालय अनुगमन तथा पृष्ठपोषण कार्यलाई निरन्तरता दिइनेछ।

६७. शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याउनको लागि शिक्षक पेसागत सहयोग, विद्यालय सुपरीवेक्षण तथा स्तरीकरण कार्यविधि २०८३ को प्रभावकारी कार्यान्वयन गरिनेछ।

६८. शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षा सँग सम्बन्धित साझेदार संस्था लगायत शैक्षिक सरोकारवालाहरु सँग समन्वय तथा सहकार्य गरि विद्यार्थीहरुमा पठन संस्कृतीको विकास गर्न शैक्षिक सामाग्रीको निर्माण तथा प्रयोगको लागि पढाइ मेलालाई निरन्तरता दिइनेछ।

६९. शिक्षा क्षेत्रको सूचना आदानप्रदान गर्न, विद्यार्थीहरुको समस्या बुझ्न तथा शैक्षिक क्षेत्रमा सुशासन कायम गर्न नगर प्रमुख र उपप्रमुख सँग विद्यार्थी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७०. सबै सार्वजनिक विद्यालयहरुमा सुशासन कायम गर्नको लागि ई-हाजिरी, सुचना बोर्ड, डिजिटल नागरिक वडापत्र, रिपोर्ट कार्ड र गुनासो सुनुवाई पेटिका जडान गरि प्रयोगमा ल्याइनेछ।

७१. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताको लागि विद्यालय बाहिर रहेका बालबालिका तथा किशोरी आमाहरुको पहिचान गरि शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

७२. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनमा सहयोग पुऱ्याउन र संस्थागत विद्यालयहरुमा सुशासन कायम गर्नको लागि नियमित अनुगमन तथा नियमन कार्य अगाडी बढाइनेछ।

७३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिदै विद्यार्थीको शिक्षण सिकाइ व्यवस्थापनमा सुधार गरि गुणस्तरीय शिक्षाको प्रवर्धनको लागि सार्वजनिक विद्यालयहरुमा विद्युतीय उपकरणको व्यवस्थापन गरिनेछ।

७४. रुम टु रिडको सहकार्यमा सार्वजनिक विद्यालयहरुमा साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७५. प्राकृतिक विपद् माहामारी लगायतको समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने दर, त्रास र बालबालिका तथा किशोरकिशोरीहरुमा देखिने शारिरीक तथा संवेगात्मक परिवर्तन, मास कन्भर्सन डिसअर्डर लगायत विभिन्न समस्याहरुमा मनोसामाजिक सहयोग तथा परामर्शको लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा पहल गरिनेछ।

७६. शारदा नगरपालिकालाई कार्यक्षेत्र बनाएर शिक्षासँग सम्बन्धित कार्य गर्न इच्छुक विभिन्न साझेदार संस्थाहरुसँग समन्वय तथा सहकार्यमा निरन्तरता दिइनेछ।

७७. विद्यार्थीको वृत्ति मार्गलाई पहिचान गर्दै वृत्त निर्देशन (Career guidance) को कार्यक्रमलाइ सबै माध्यमिक विद्यालयमा लागु गरि निरन्तरता दिइनेछ।

७८. Book less Friday को लागि सवै विद्यालयहरु सहभागिताको लागि पहल गरिनेछ।

७९. विद्यालय हाताभित्र करेसाबारी, फुलबारी, वृक्षारोपण, स्वच्छ खानेपानी तथा सरसफाइको पूर्वाधार व्यवस्था गरि हरित विद्यालयको निर्माण गरिनेछ।

८०. बालबालिकाको पोषण स्थितिलाई ध्यानमा राखि स्थानीय स्तरको उत्पादनको प्रयोगलाई प्राथमिकता दिन नगरपालिकाबाट निर्माण गरिएको दिवाखाजाको मेनुको प्रयोगलाई निरन्तरता दिदै विद्यालयलाई जङ्गफुड निषेधित क्षेत्र बनाइनेछ।

८१. शैक्षिक क्यालेन्डरको प्रयोगलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८२. विद्यालयमा बालबालिकाको प्रतिभा प्रस्फुटनको लागि हरेक शुक्रबार अतिरिक्त क्रियाकलापलाई जोड दिदै निरन्तरता दिइनेछ।

८३. सार्वजनिक विद्यालयमा सञ्चालन हुदै आएको योग अभ्यास शिक्षालाई निरन्तरता दिईनेछ।

८४. नगरपालिका भित्रको शैक्षिक विकासको लागि गरिदै आएको शैक्षिक अनुसन्धान तथा शैक्षिक सम्मेलनलाई निरन्तरता दिइनेछ।

८५. विद्यार्थीको प्रयोगात्मक शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, सुचना प्रविधि प्रयोगशाला, पुस्तकालयको प्रभावकारी प्रयोगको व्यवस्थापन गरिदै लगिनेछ।

८६. किशोरकिशोरीको ज्ञान,सीप,क्षमता,दक्षता अभिवृद्धी गरि समुन्नत समाज निर्माणको लागगि किशोरकिशोरी सम्मेलनलाई निरन्तरता दिइनेछ।

८७. सबै सार्वजनिक विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८८. अनौपचारीक तथा निरन्तर शिक्षाको लागि सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरि परिचालन गरिनेछ।

८९. सबै माध्यमिक विद्यालयहरुमा खेलकुद शिक्षकहरुको व्यवस्थापन गरि निरन्तरता दिइनेछ।

९०. खेलकुद पूर्वाधार तथा संरचनाहरु निर्माण तथा पुनर्निर्माण गरि मेयर कप, राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता, विद्यालय र वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइनेछ ।

९१. शारदा मेयर कप T20 क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९२. युवाको क्षमता र दक्षतालाई प्रोत्साहन गर्न युवा सम्मेलन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९३. सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता सेवालाई थप प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन घरदैलो कार्यक्रम, अनलाइन प्रणाली तथा राष्ट्रिय परिचयपत्रमा आधारित बायोमेट्रिक प्रमाणीकरण प्रक्रियालाई निरन्तरता दिइनेछ।

९४. बाल विवाह अन्त्यका लागि पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन गर्दै बाल विवाह विरुद्ध विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ तथा बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।

९५. महिला सशक्तीकरण तथा महिला नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

९६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ तथा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९७. शारदा नगरपालिकालाई बालमैत्री बनाउन आवश्यक विभिन्न सूचक पूरा गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

९८. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग, दलित, ज्येष्ठ नागरिक, जनजाति, एकल महिला तथा द्वन्द्वपीडितहरूको सम्मान, प्रवर्द्धन तथा सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९९. बाल उद्धार तथा संरक्षण कोष र लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

१००. अपाङ्गता भएका विपन्न व्यक्तिहरूसँग नगर उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ तथा अपाङ्गता कार्ड वितरणका लागि अपाङ्गता समन्वय समितिको बैठकलाई निरन्तरता दिइनेछ।

१०१. ज्येष्ठ नागरिक खेलकुद कार्यक्रम तथा ज्येष्ठ नागरिक संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०२. सुनौला हजार दिनका महिला तथा अपाङ्गता रोकथाम सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०३. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमूलक बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई निरन्तरता दिँदै वैदेशिक रोजगारीमा जान इच्छुक नागरिकहरूलाई सही सूचना, परामर्श तथा अभिमुखीकरण सेवामा पहुँच सुनिश्चित गरिनेछ।

१०४. वैदेशिक रोजगारीमा रहेका परिवार तथा स्वदेश फर्किएका श्रमिकहरूको आर्थिक सशक्तीकरणका लागि विप्रेषण (रेमिटेन्स) को सदुपयोग, बचत तथा लगानी प्रवर्द्धन गर्न वित्तीय साक्षरता कार्यक्रमलाई थप व्यवस्थित बनाइदिइनेछ।

१०५. मानसिक सन्तुलन गुमाएका व्क्तीलाई उद्धार कार्यक्रम ।

**पूर्वाधार विकास तर्फ**

१०६. आ.व. २०८२।०८३ मा संचालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरतामा जोड दिइनेछ ।

१०७. रामेखोला-कजेरी सडकको स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ, साथै वडा नं १३ कैचीमोड मोडदेखि स्यानीखाल सम्म जाने सड़क र बरला-माल्नेटा सडकलाई कालोपत्रे निर्माण गरिनेछ साथै वडा नं. १२ को लेखवेशी ग्रामीण मोटर बाटो स्तरउन्नती गरिनेछ ।

१०८. यातायात क्षेत्रको व्यवस्थापनका लागि निर्माण भएको आधुनिक बसपार्कको कुशल व्यवस्थापनलाइ निरन्तरता दिइनेछ ।

१०९. नगरपालिका सबै वडाका वस्तीहरुमा सडक संजालमा जोडिने छ र वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रुपमा आवागमन गर्न उक्त सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।

११०. जर्खु, खैरावाङ्ग चैबाङ्ग, ठूलापातल नेपाने बागचौर साल्चौर, खलंगा शीतलपाटी खानेपानी आयोजना तथा गुणस्तर ल्याबको भौतिक पूर्वाधार निर्माण कार्य समयमा नै सम्पन्न गर्न नियमित अनुगमन र सहजीकरण गरिनेछ ।

१११. सबै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्न उचित व्यवस्था मिलाईनेछ ।

११२. नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बाँकी रहेका सबै वडाका टोल बस्तीमा विद्युतीकरणलाई निरन्तरता दिइनेछ ।

११३. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको गुणस्तरीयता वृद्धि गर्नुका साथै नागरिकको अपनत्व श्रृजना हुने नीति अवलम्बन गरिनेछ।

११४. बस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि सहरी विकास मापदण्ड तथा भवन निर्माण मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

११५. श्रीनगर शितलपाटी पटनेरी, जोगिदेउखोला देखि बरला सम्म बढ्दै गएको शहरीकरणलाई मध्यनजर गर्दै आधुनिक शहरको मुर्तरुप दिन शहरका छेउछाउमा सडक बत्ती विस्तार, चोक र टोल बस्तीको नामाकरण, सिसि क्यामेरा जडान, ग्रीन जोन निर्माण, फुटपाथ र क्रसिङ प्वाइन्ट कुशल व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

११६. बजार क्षेत्रमा ढल निकासको व्यवस्थापनलाइ निरन्तरता दिइनेछ।

११७. पूर्वाधार निर्माण तथा खानेपानीको गुणस्तर परीक्षण गर्नको लागि नगरपालिकामा पूर्वाधार तथा खानेपानी ल्याब स्थापना गरी परीक्षण गर्ने कार्यलाइ जोड दिइनेछ।

११८. नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागि व्यवस्थित प्रणाली उपयोग गरी प्रभावकारी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापनमा जोड दिईनेछ।

११९. जग्गाको भुउपयोग क्षेत्र वर्गीकरण अनुसार जग्गाको न्यूनतम मूल्य निर्धारण गरि राजस्वमा वृद्धि गरिनेछ।

१२०. सार्वजनिक जग्गाको नाँपजाँच र संरक्षण गरिनेछ।

१२१. ऐतिहासिक तथा धार्मिक सम्पदा संरक्षण नीतिलाई विशेष जोड दिइनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

१२२. प्राकृतिक प्रकोप तथा विपद्लाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

१२३. फोहरमैला व्यवस्थापन कार्यक्रमलाई निरन्तर व्यवस्थित गरिनेछ।

१२४. वन तथा भूसंरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार संरक्षण, जलवायू परिवर्तन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।

१२५. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका, अतिक्रमणमा परेका, प्राथामिकतामा नपरेका सामुदायिक रिचार्ज पोखरीलाई सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण, पुनःनिर्माण, संरक्षण र पुर्नस्थापना गरिनेछ।

१२६. निर्मित भू-उपयोग नीति तथा जग्गा प्लटिङ्ग सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्थित आधुनिक शहर निर्माणको आधार तयार पारिनेछ।

१२७. बाहै महिना विभिन्न बस्तीहरुमा हरियाली छाउन डालेघास, फलफुलका विरुवाहरुको वृक्षारोपण कार्यमा जोड दिईनेछ।

१२८. वन सम्बन्धी कार्यको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ।

१२९. सामुदायिक वनसंगको साझेदारीमा टिमुर खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. सडक, नदी किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिकरुपमा कम्तीमा एक विरुवारोपण कार्यलाई प्रवर्द्धन गर्दै शारदा हरियाली कार्यक्रम सञ्चालन गरिनेछ।

१३१. बजार क्षेत्रलाई सफा, सुन्दर तथा व्यवस्थित राख्न नियमित सरसफाइ तथा सौन्दर्यीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३२. फोहरमैला व्यवस्थापनप्रति नागरिकको जिम्मेवारी र सहभागिता अभिवृद्धि गर्न जनचेतनामूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. कुहिने र नकुहिने फोहरमैलाको वर्गीकरण गरी सार्वजनिक डस्टबिन तथा डम्पिङ साइटको उचित व्यवस्थापनमार्फत फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ।

**सार्वजनिक सेवा तथा सुशासन तर्फ**

१३४. नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई एकीकृत, सरल, सहज, पारदर्शी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउन **एकीकृत सेवा प्रवाह प्रणाली** स्थापना गरी सञ्चालनमा ल्याइनेछ, जसबाट सेवा प्रवाहमा गुणात्मक सुधार भई सेवाप्राप्ति थप प्रभावकारी र सहज हुने व्यवस्था मिलाइनेछ।

१३५. सेवाग्राहीले तोकिएको समयभित्र सेवा प्राप्त गर्ने सुनिश्चितताका लागि सेवा टाइम कार्ड प्रणाली लागू गरी उत्तरदायी र समयबद्ध प्रशासनको विकास गरिनेछ।

१३६. डिजिटल प्रशासनलाई संस्थागत गर्दै ई-हाजिरी, ई-चलानी, ई-पत्राचार, डिजिटल अभिलेख तथा विद्युतीय फाइल व्यवस्थापन प्रणाली विस्तार गरी क्रमशः पेपरलेस कार्यालयको अवधारणालाई कार्यान्वयन गरिनेछ।

१३७. शाखा तथा वडा कार्यालयबीचको समन्वय, सूचना आदानप्रदान तथा सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास तथा विस्तार गरिनेछ।

१३८. नगरपालिकाका अभिलेख, निर्णय, पत्राचार तथा महत्वपूर्ण कागजातहरूको सुरक्षित संरक्षण, डिजिटलीकरण तथा व्यवस्थित अभिलेख व्यवस्थापन गरिनेछ।

१३९. सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सदाचार प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, सामाजिक परीक्षण तथा नियमित अनुगमनलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।

१४०. कर्मचारीहरूको क्षमता विकास, कार्यसम्पादन सुधार, उत्प्रेरणा तथा व्यावसायिक दक्षता अभिवृद्धिका लागि आवश्यक तालिम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४१. सेवाग्राही सन्तुष्टि अभिवृद्धि गर्न नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहको नियमित मूल्याङ्कन तथा सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. विपद् तथा आपतकालीन अवस्थामा छिटो, प्रभावकारी र समन्वयात्मक सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक प्रशासनिक संयन्त्रलाई थप सुदृढ बनाइनेछ।

१४३. स्वच्छ, व्यवस्थित, वातावरणमैत्री तथा मितव्ययी कार्यालय व्यवस्थापनलाई प्रवर्द्धन गर्दै स्मार्ट प्रशासन र उत्कृष्ट सेवा संस्कृतिको विकास गरिनेछ।

१४४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सूचक तथा मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै संस्थागत कार्यसम्पादनमा सुधार तथा सुशासन प्रवर्द्धन गरिनेछ।

१४५. स्थानीय न्याय सम्पादनलाई थप प्रभावकारी, सहज, निष्पक्ष तथा नागरिकमैत्री बनाउन बाँकी वडाहरूमा मेलमिलापकर्ताहरू सूचीकृत गर्दै मेलमिलाप केन्द्रहरूको सुदृढीकरण, नियमित अनुगमन तथा मेलमिलापकर्ता, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गर्न आधुनिक प्रविधियुक्त सेवा प्रणाली, कार्यकक्ष तथा इजलासको व्यवस्था गरिनेछ। कानुनी परामर्श सेवा, निर्णय कार्यान्वयन तथा विवाद समाधान प्रक्रियाको प्रभावकारी व्यवस्थापनमार्फत न्याय सम्पादनलाई छिटो, गुणस्तरीय, पारदर्शी र विश्वसनीय बनाइनेछ

१४७. नगरबासी तथा सेवाग्राहीहरूको डिजिटल पहुँचलाई प्रवर्द्धन गर्न नगरपालिकाका मुख्य-मुख्य सार्वजनिक स्थलहरू, बजार क्षेत्र र प्रशासनिक केन्द्रहरूमा उच्च गतिको निःशुल्क वाइफाइ सेवा विस्तार गरिनेछ।

१४८. नगर क्षेत्रको शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन र सार्वजनिक सम्पत्तिको निगरानीका लागि मुख्य चोक तथा संवेदनशील क्षेत्रहरूमा सीसीटीभी क्यामेराहरूको जडान गर्दै पूर्व जडित क्यामेराहरूको आवश्यक मर्मत सम्भार गरिनेछ, साथै नगर र वडा कार्यालयहरू समेतलाई एकीकृत रूपमा हेर्ने गरी एक एकीकृत सीसीटीभी निगरानी केन्द्र स्थापना गरी नियमित अनुगमन गरिनेछ।

१४९. सबै मातहतका कार्यालय, शैक्षिक संस्था र स्वास्थ्य शाखाहरूमा कर्मचारीहरूको नियमितता र समयपालना सुनिश्चित गर्न विद्युतीय हाजिरी प्रणालीलाई थप विस्तार गरिनेछ र अनलाईन मार्फत पालिकावाटै अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१५०. नगरपालिकाका गतिविधिको सूचना सहजै प्राप्त गर्न आधिकारिक वेबसाइट, फेसबुक पेज र डिजिटल सूचना बोर्डहरू (Digital Display Board) लाई नियमित रूपमा अध्यावधिक र व्यवस्थापन गरिनेछ।

१५१. नगरपालिकाको आन्तरिक तथ्याङ्क, अनलाइन अभिलेख र प्रणालीहरूलाई सुरक्षित राख्न साइबर सुरक्षाका न्यूनतम मापदण्डहरू लागू गरिनेछ। साथै बेलाबेलामा आइपर्ने साइबर जोखिम र सिस्टम चलाउने सही तरिकाबारे कर्मचारीहरूका लागि साइबर सुरक्षा सचेतना जगाउने काम गरिनेछ।

१५२. नगरपालिकाको वित्तीय आत्मनिर्भरता सुदृढ गर्न स्थानीय स्रोत, साधन तथा सम्पत्तिको प्रभावकारी परिचालन गर्दै आन्तरिक आय अभिवृद्धि तथा नयाँ राजश्व स्रोतको पहिचान र विकास गरिनेछ।

१५३. कर तथा गैरकर राजश्व प्रशासनलाई सूचना प्रविधिमैत्री, सरल, पारदर्शी, वैज्ञानिक तथा करदातामैत्री बनाउँदै करको दायरा विस्तार र राजश्व चुहावट नियन्त्रण गरिनेछ।

१५४. कानुनसम्मत, न्यायोचित तथा उत्तरदायी कर प्रणालीको विकास गर्दै स्वेच्छिक कर सहभागिता अभिवृद्धिका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**आदरणीय सम्मानित नगर सभाका सदस्यज्यूहरु ,**

"Green Sharada, Clean Sharada"

**उपस्थित कर्मचारी लगायत अन्य महानुभावहरु !!**

प्रस्तुत नीति तथा कार्यक्रमले ‘‘सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी’’ भन्ने दीर्घकालीन सोचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ नगरवासीका आवश्यकता, स्थानीय सम्भावना तथा विकासका प्राथमिकतालाई आत्मसात् गरेको छ। आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक तथा वातावरणीय विकासका क्षेत्रहरूलाई समेट्दै आगामी आर्थिक वर्षका लागि स्पष्ट मार्गचित्र तय गरिएको छ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, सल्लाह तथा मार्गदर्शनलाई आत्मसात् गर्दै सबै पक्षको साझा प्रतिबद्धता, सहकार्य, समन्वय र अपनत्वका साथ अघि बढ्न सकेमा यसले शारदा नगरपालिकाको समग्र विकास, समृद्धि र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

यस नीति तथा कार्यक्रम तर्जुमाका क्रममा बहुमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने विषयगत समितिहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्था, शैक्षिक तथा प्राज्ञिक क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज, सामाजिक संघ संस्था, बुद्धिजीवी, अग्रज व्यक्तित्व तथा सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै उच्च सम्मान व्यक्त गर्दछु।

प्रकाश भण्डारी
नगर प्रमुख
शारदा नगरपालिका
खलंगा, सल्यान